पञ्चकन्या गाउँपालिका
Panchakanya Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of the Rural Municipal Executive
लाक्रीभ्यञ्याङ, नुवाकोट
Lakribhanjyang, Nuwakot
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

चुनं ३४

दोस्रो पटक सार्वजनिक सूचना प्रकाशन

सडक मर्मत सम्भार कार्यकर्ता छनोटको लागि दरखास्त आह्वान सम्बन्धमा।

पूर्वाधार विकास कार्यालयको च.नं.२८५, मिति २०८३/०७/१९ गतेको पत्रानुसार सडक मर्मतसम्भार कर्ता छनौट गर्ने प्रयोजनार्थमा यस पञ्चकन्या गाउँपालिकाबाट सञ्चालन हुने सडक मर्मत सम्भार कार्यका लागि गाउँपालिका वडा नं. २ मा पर्ने छहरे कविलास सडक खण्डको नियमित मर्मत सम्भार गर्नुपर्ने भएकाले सडक मर्मत सम्भार निर्देशिका, २०८० बमोजिम सडक खण्ड अनुसार सडक मर्मत सम्भार कार्यकर्ता छनोट गर्नुपर्ने भएको छ। उक्त सडक मर्मत सम्भार कार्यमा सहभागी हुन इच्छुक तथा योग्य उम्मेदवारहरूले देहाय बमोजिम उल्लेखित योग्यता तथा प्राथमिकताका आधारमा आवश्यक कागजातसहित यस गाउँपालिकाको कार्यालयमा मिति २०८३/०८/०१ देखि २०८३/०८/०७ गते सम्म दरखास्त पेस गर्नुहुन यो दोस्रो पटकको सूचना प्रकाशित गरिएको छ।

१. सडक मर्मत सम्भार कार्यकर्ताका सामान्य आधारहरू

- १८ वर्ष पूरा भई ६० वर्षसम्मको नेपाली नागरिक हुनुपर्ने।
- शारीरिक तथा मानसिक रूपमा सडक मर्मत सम्भार कार्य गर्न योग्य हुनुपर्ने।
- सम्बन्धित सडक खण्डबाट बढीमा आधा घण्टाको पैदल दूरीमा बसोबास गरेको हुनुपर्ने।

३. सडक मर्मत सम्भार कार्यकर्ता छनोटका प्राथमिकताका आधारहरू

- गरिब, दलित तथा सीमान्तकृत समुदायका सदस्य,
- महिला,
- सडक मर्मत सम्भार कार्यमा काम गरेको अनुभव भएको।

४.दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरू

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- व्यक्तिगत विवरण खुल्ने कागजात।
- सडक मर्मत सम्भार कार्यको अनुभव भए सोको प्रमाण।
- अन्य आवश्यक कागजातहरू।

५. छनोट सम्बन्धी व्यवस्था

प्राप्त दरखास्तहरू सडक मर्मत सम्भार निर्देशिका, २०८० मा उल्लेखित योग्यता, मापदण्ड तथा प्राथमिकताका आधारमा छनोट गरिनेछ।

गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

(हिराधन राई)
प्रमुख प्रशासकीय अधिकृत
हिराधन राई
प्रमुख प्रशासकीय अधिकृत